INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1, JUNE, 2025

DOI: https://doi.org/10.3126/irj.v4i1.79647

भाषानीतिको अवधारणा र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिका

सुनिता तामाङ

lamasunita1045@gmail.com

Graduate School of Education

लेखसार

भाषानीति कुनै राष्ट्र, राज्य वा संस्थाले अपनाउने भाषासम्बन्धी निर्णय, नियम र कार्यप्रणालीको प्रक्रिया हो । जसले भाषिक विविधताको संरक्षण, प्रवर्धन र व्यवस्थापन गर्छ । प्रस्तुत लेख भाषानीतिको अवधारणा र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकाको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत अध्ययनको प्रमुख उद्देश्यहरूमा भाषानीतिका अवधारणाको समीक्षा गर्नु र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकाको पहिचान गर्नु रहेको छ । यो अध्ययन गुणात्मक विधिमा आधारित रही, वर्णात्मक तथा विश्लेषणात्मक ढाँचामा लेखिएको छ । प्रस्तुत अध्ययनमा भाषानीतिको अवधारणाअन्तर्गत भाषानीतिको ऐतिहासिक एवम् सैद्धान्तिक सन्दर्भ, भाषानीति निर्माण, भाषानीतिका घटक, भाषानीति निर्धारणका पक्षहरू समेटिएका छन् । विशेष गरी राज्यले भाषानीति निर्माणमा निर्वाह गर्नुपर्ने प्रमुख भूमिकाहरूमा भाषिक विविधताको संरक्षण, समान अवसरको सुनिश्चितता, मातृभाषामा शिक्षा, अनुवाद र द्वैभाषिकताको प्रवर्द्धन, भाषा अभिलेखीकरणमा लगानी र नीति निर्माणमा सहभागितालाई विश्लेषण गरिएको छ । नेपालको संविधान तथा अन्तर्राष्ट्रिय सन्दर्भहरूको आधारमा राज्यका नीतिगत तथा व्यावहारिक भूमिकालाई खोतलेको छ । लेखको निष्कर्षमा, राज्यले भाषानीति निर्माणलाई समावेशी, सहभागितामूलक र व्यावहारिक बनाउन सक्रिय भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याइएको छ, जसबाट भाषिक अधिकारको सुनिश्चितता, सामाजिक समावेशिता र सांस्कृतिक विविधताको संरक्षण सम्भव हुन्छ । यस अध्ययनले भाषानीति र यससम्बन्धी अध्ययन गर्ने शिक्षक, भाषानीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी, सामाजिक न्यायका पक्षधरहरू तथा भाषिक अधिकारमा चासो राख्ने सबैलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

मुख्य शब्दावली : *द्वैभाषिकता, भाषानीति, भाषिक अधिकार, भाषिक समावेशिता, मातृभाषा शिक्षा ।*

अध्ययनको पृष्ठभूमि

भाषानीति भनेको भाषाको विकास र संरक्षणका लागि राज्यबाट गरिने आधिकारिक कार्य हो । कुनै पनि देशले आफ्नो देशमा प्रचलित भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि बनाएका नियमलाई भाषा नीतिका रुपमा लिइन्छ । भाषाको संरक्षण, संवर्धन, विकास र स्तरीकरणका निम्ति सरकारले अंगाल्ने एक प्रकारको नीतिलाई भाषानीति भनिन्छ (गिरी, सन् २०१०) । भाषानीतिलाई भाषिक व्यवस्थापन पनि भनिन्छ । राज्यको देशभित्रका भाषाप्रतिको दृष्टिकोणलाई भाषानीति मानिन्छ । त्यसैगरी पौडेल र भट्टराई (२०७७) का अनुसार भाषालाई व्यवस्थित र प्रयोजनपरक तहबाट संयोजित तुल्याउन अपनाइने राज्यस्तरको कानुनी मान्यतालाई भाषाको नीतिगत व्यवस्थाको रूपमा मानिन्छ । प्रत्येक मुलुकले आफ्नो अवस्था र राज्य अनुकूल भाषालाई नीतिगत रूपबाट व्यवस्थित गरेको हुन्छ । राज्यमा प्रचलित भाषाहरूको समसामयिक अवस्था र आवश्यकता अनुसार भूमिका निर्धारण र संरक्षण तथा विकासका कार्य गर्ने नीति नै भाषानीति हो (न्यौपाने, सन् २०२२) । भाषानीतिले कुनै राष्ट्र, राज्य वा संस्था विशेषले आफ्नो भूगोलभित्र प्रयोग हुने भाषाहरूको संरक्षण, प्रवर्द्धन, प्रयोग र विकासका लागि तयार गर्ने दीर्घकालीन नीति, योजना र कानुनी संरचनालाई जनाउँछ । भाषानीति कुनै पनि राष्ट्रले भाषाका बारेमा तय गर्ने नीति हो (भुसाल, सन् २०२४) । यसमा कुन भाषालाई स्तरीकरण बनाउने ,कुन भाषालाई मानकीकरण गर्ने, कुन भाषालाई सम्पर्क भाषाका रूपमा निर्धारण गर्ने, लोपोन्मुख भाषाको संरक्षणका लागि के कस्ता कार्य गर्ने लगायतका विषयवस्तु समेटिएका हुन्छन् । भाषानीतिको प्रयोगव्यवहार देशअनुसार फरक फरक हुन्छ । यसले भाषाको शिक्षा, सञ्चार, प्रशासन, न्याय र सार्वजनिक सेवा क्षेत्रमा प्रयोगका मान्य रूपहरू तय गर्छ । भाषानीतिको उद्देश्य सामाजिक समावेशिता, भाषिक विविधताको संरक्षण, राष्ट्रिय एकता र भाषिक अधिकारको सुनिश्चितता हो ।

भाषाका बारेमा खोज अनुसन्धान गर्दा भाषानीतिको आधारभूत अवधारणा सम्बन्धी केही कार्य भएको पाइन्छ भने भाषानीतिको अवधारणा र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकामा कमै अध्ययन अन्वेषण भएको अनुभूति हुन्छ । यस किसिमको वस्तुगत अवस्थालाई मध्येनजर गरी प्रस्तुत अध्ययन भाषानीतिको अवधारणा र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकाको खोजविन गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको

मुख्य समस्या भाषानीति र भाषानीति निर्माण रहेको छ । यस समस्या समाधानमा आधारित भई प्रस्तुत अध्ययनको उद्देश्य निर्धारण गरिएको छ । प्रस्तुत अध्ययनको प्रमुख उद्देश्यहरूमा भाषानीतिका अवधारणाको समीक्षा गर्नु र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकाको पहिचान गर्नु रहेको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यसमा वर्णात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीको संकलन गरिएको छ । यसमा भाषानीतिको अवधारणा र भाषानीति निर्माण सम्बधी चर्चा गरिएका सैद्धान्तिक सामग्रीलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा प्राप्त तथ्यहरूलाई विभिन्न उपशीर्षकहरूमा राखी व्याख्या विश्लेषण गरिएको छ ।

नतिजा र छलफल

प्रस्तुत अध्ययनका आधारमा भाषानीतिको अवधारणा र भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकामा आधारित विभिन्न तथ्य प्राप्त भएको छ । यस अध्ययनबाट प्राप्त तथ्यलाई निम्नअनुसारका विभिन्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छः

भाषानीतिको अवधारणा

भाषा मानव समाजको मूलभूत पहिचान, संचारको माध्यम र सांस्कृतिक विरासतको प्रतीक हो। भाषानीति भनेको कुनै राष्ट्र, राज्य वा संस्थाले भाषासम्बन्धी निर्णय, नियम र दिशानिर्देशहरू लिने प्रक्रिया हो । यसले देशभरिका विभिन्न भाषिक समूहहरूबीच समन्वय, भाषिक अधिकारको संरक्षण, शिक्षा, प्रशासन, सञ्चार र सांस्कृतिक पहिचानलाई व्यवस्थापन गर्ने सुनिश्चित गर्दछ । भाषानीतिले निम्नलिखित पक्षहरू समेट्छः

भाषानीतिको ऐतिहासिक एवम् सैद्धान्तिक सन्दर्भ

भाषानीति शब्दको पहिलो प्रयोग सन् १९४५ मा भएको पाइन्छ । यसको प्रयोगका सन्दर्भमा स्पोल्स्की (सन् २००४) का अनुसार सन् १९४५ मा लाइब्रेरी अफ काङ्ग्रेसको पहिलो पुस्तकमा भाषानीतिलाई जनाउन Cebollero शब्द समावेश गरिएको छ । सन् १९६० पछि भने यो व्यापक बन्दै गएको देखिन्छ (भुसाल, सन् २०२४) । यसैगरी सन् १९५० देखि १९६० को

दशकमा पाश्चात्य भाषा वैज्ञानिकहरू अफ्रिकी, दक्षिणी अमेरिका र एसियाका आदिबासी भाषा, व्याकरण, लिपि र शब्दकोश निर्माणमा खटिएका थिए । वर्णात्मक भाषाविज्ञानबाट प्रशिक्षित उनीहरु भाषा संरचना र प्रयोगको अवस्था पहिचान गर्न र तथ्य संकलन गर्न जागरुक थिए । सन् १९७० देखि १९९० को दशकसम्म अनुसन्धानकर्ताहरू सामाजिक र आर्थिक असमानता सिर्जनामा भाषाले खेलेको भूमिका अध्ययनमा क्रियाशील हुनुका साथै उत्तर आधुनिक सिद्धान्तबाट प्रभावित हुन थालेको देखिन्छ (भुसाल, सन् २०२४) । त्यसपछि मातृभाषाको अध्ययनका साथै भाषाको समाजपरक तथा व्याकरणिक अध्ययन हुन थालेको पाइन्छ । थोमस (सन् २००६) का अनुसार सन् १९५० र १९६० को दशकमा पाश्चात्य प्राज्ञिक भाषा योजना र भाषानीतिसम्बन्धी अवधारणामा भाषाको प्रकृति, भाषा छनोट, एक भाषिकतावाद र सांस्कृतिक एकरुपता पाउन सकिन्छ (भुसाल, सन् २०२४) । यी अवधारणाहरू विकासोन्मुख देशहरुमा अहिलेसम्म पनि उपयोगी एवम् प्रभावकारी रहेको पाइन्छ ।

भाषानीतिको विगतका र वर्तमानका अवधारणामा भिन्नता पाइन्छ । अमेरिकी भाषाविद् फिसमेन र प्राध्यापक गर्सियाले भाषानीतिलाई सामाजिक भाषाविज्ञानको विषयका रूपमा उल्लेख गरिएका छन् भने बर्लिन विश्वविद्यालयका प्राध्यापक बर्नाड स्पोल्स्की तथा मेलबन विश्वविद्यालयका प्राध्यापक जोसेफ लो विएन विद्वानहरूले प्रायोगिक भाषा विज्ञानको शाखाका रुपमा उल्लेख गरेको पाइन्छ (भुसाल, सन् २०२४) । साथै अर्का विद्वान मेकार्थीले एक जटिल सामाजिक सांस्कृतिक प्रक्रिया, मानवीय अन्तरक्रिया, समझदारी र भाषा उत्पादनको तरिकाको रुपमा उल्लेख गरेका छन् । भाषानीतिलाई भाषिक शक्तिमा आधारित विषयका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । यसलाई कहाँ, कहिले र कुन सन्दर्भमा भाषाको प्रयोग कसरी गर्ने भन्ने आधारमा गरिने निर्णयका रुपमा पनि लिइन्छ । भाषानीति परम्परागत सन्दर्भमा एक भाषा एक नीतिको अवस्था थियो भने वर्तमान सन्दर्भमा बहुभाषा बहुनीतिको व्यवहार व्यापक बन्दै गएको छ ।

भाषानीतिले भाषासम्बन्धी समस्या समाधान गर्ने मानिन्छ । भाषानीतिले भाषाहरूलाई स्थानीय, क्षेत्रीय, राष्ट्रिय, आधिकारिक, सही, मानक वा स्तरीय भनी निर्धारण गर्न सकिन्छ (भुसाल, सन् २०२४) । यसले समाजका सिमान्तकृत, आदिवासी तथा लोपोन्मुख भाषालाई वैधानिक गराउन सक्छ । यसले मुलुकमा निर्धारित भाषाहरु प्रयोग गर्नुपर्ने मान्यता राख्छ ।

भाषानीति निर्माण

भाषानीतिले भाषिक अभ्यास, विचार, नियम, विश्वास र राज्यका भाषासम्बन्धी निर्णयलाई जनाउँछ । यसलाई शक्तिशाली र बहुसंख्यक भाषाका आधारमा अन्य भाषामाथि गरिने हस्तक्षेपका रुपमा पनि व्याख्या गरिएको पाइन्छ । आधुनिक राज्यको उदयसँगै भाषानीतिको क्षेत्र पनि फराकिलो बन्दै गएको पाइन्छ । प्रत्येक वक्ता भाषा छनोट र प्रयोगमा स्वतन्त्र हुन्छ । हरेक वक्तासँग भाषा प्रयोगको आफ्नै अभ्यास हुन्छ । घरपरिवारमा भाषा प्रयोगको अभ्यास प्रायः घरका प्रौढहरूद्वारा निर्धारित हुन्छ (भुसाल, सन् २०२४) । घरपरिवारमा वृद्धवृद्धासँग, पहुना आएको बेला, कामदारहरूसँग, खाना खाने सन्दर्भमा बोल्ने तरिका बेग्लै हुन सक्छ । परिवारको प्रमुखले यस सम्बन्धमा निर्णय गरेपछि यसलाई परिवारको सदस्यले नीति मान्दछ । स्पोल्स्की सोहामी (सन् २००) का अनुसार कुनै पनि व्यक्तिले आफ्नो भाषा छनोटको निर्णय आफै गर्छ, परिवार भाषानीतिमा आफै सहमत हुन्छ (भुसाल, सन् २०२४) । कुनै पनि क्लबले आफ्ना सदस्यहरूका लागि निश्चित नियम तयार गर्छ, संसदले सभामा कुन भाषा प्रयोग गर्ने भन्ने निर्धारण गर्छ, हजुरबुवाले घरमा समुदायको भाषा प्रयोग गर्नुपर्छ भनी निर्णय गर्छन्, शिक्षकले आफ्ना विद्यार्थीलाई लक्षित भाषामा उत्तर दिन निर्देश गर्दछन् र राज्यले आफ्नो कर्मचारी र ग्राहकलाई कार्यालयीय भाषा प्रयोग गर्न लगाउछन् । यसबाट के बुझ्न सकिन्छ भने परिवार, समाज वा राज्यमा जो नीति बनाउने तहमा छ उसले आवश्यकीय नीति बनाउँछ भन्ने जो पालना गर्ने तहमा छ त्यसले त्यसको कार्यान्वयन गर्छ ।

भाषानीति निर्माणको निश्चित प्रक्रिया हुन्छ । स्पोल्स्की र सोहामीका अनुसार भाषानीति निर्माणको प्रक्रियालाई प्रारम्भन, अनुमान, छनोट, कार्यान्वयन, मूल्याङ्कन र समापन गरी सङ्क्षेपीकृत गरेका छन् (भुसाल, सन् २०२४) । भाषानीति निर्धारणका सन्दर्भमा सबै भाषालाई समान महत्त्व दिनुभन्दा कुनै भाषालाई शक्तिशाली बनाउने कार्य गरिन्छ ।

भाषानीतिका घटक

समुदायको वस्तुगत भाषानीति त्यसको व्यवस्थापनभन्दा अभ्यासमा ज्यादा रहेको पाइन्छ । तर पनि व्यवस्थापन सुदृढ नभएसम्म मानिसहरुले भाषाको प्रयोग कसरी गर्छन् भन्ने कुरामा प्रभाव पार्ने देखिँदैन । सोहामी (सन् २००६) का दृष्टिमा भाषिक विचार वा आदर्श र अभ्यासको केन्द्रबिन्दुका रुपमा निश्चित संयन्त्र रहेको हुन्छ (भुसाल, सन् २०२४) । अधिकार प्राप्त

संयन्त्रको कानुनमा सहज पहुँच हुन्छ । संयन्त्रले कुनै निश्चित भाषालाई आधिकारिक वा कार्यालयीय बनाउन र कुनैलाई नबनाउन भूमिका निर्वाह गर्न सक्छन् । यसबाहेक संयन्त्रणमा शैक्षिक प्रणाली वा कानुनलाई समेत प्रभाव पार्न सक्ने शक्ति हुन्छ । सोहामीका दृष्टिमा भाषा स्वतन्त्र नभएर निश्चित राजनीतिक, वैचारिक, सामाजिक र आर्थिक मुद्दामा आधारित रहेको हुन्छ (भुसाल, सन् २०२४) । यी संयन्त्रहरू तटस्थ छैन । यसले निश्चित मुद्दालाई प्रवर्धन र निरन्तरता दिने साधनका रुपमा कार्य गर्छन् ।

भाषानीति निर्धारणका पक्षहरू

भाषानीति निर्धारणका विविध पक्ष पाइन्छ । यसलाई भाषाको कार्य वा भूमिकद्वारा निर्धारण गरिन्छ । यसको निर्धारणमा भाषिक प्रयोक्ताको सङ्ख्यामा पनि ध्यान दिइन्छ । सडबेक (सन् २०१५) का अनुसार भाषिक नीति अन्तर्गत -आधिकारिक नियमहरू -उत्पादन नभएर प्रक्रिया -नीतिगत पाठ र सङ्कथन -अनौपचारिक, गोप्य, वास्तविक र अन्तर्निहित संयन्त्रहरू समेटिनुपर्छ (भुसाल, सन् २०२४) । भाषानीतिले भाषाको स्तर, स्वरूप, भाषा अर्जन, भाषाशिक्षण लगायतलाई सम्बोधन गर्न सक्ने देखिन्छ । स्पोल्स्की र सोहामी (सन् २०००) का अनुसार भाषानीति निर्धारणमा भाषिक अवस्थासँग सम्बन्धित नीति, प्रयोगव्यवहारसँग सम्बन्धित नीति र भाषाआर्जन वा शिक्षणसम्बद्ध नीतिका पक्ष महत्वपूर्ण हुन्छन् (भुसाल, सन् २०२४) । यसका साथै भाषानीतिमा सामाजिक, संस्कृति, राष्ट्रिय पहिचान, अल्पसङ्ख्यकको अधिकार, भाषिक अधिकार, कोड परिवर्तन, सांकेतिक भाषा आदि पक्षमा ध्यान पुर्‍याउनुपर्ने हुन्छ ।

भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिका

भाषा कुनै पनि राष्ट्रको सांस्कृतिक, सामाजिक र राजनीतिक पहिचानको आधार हो। भाषानीति एक यस्तो सरकारी दस्तावेज वा कार्यनीति हो जसले राष्ट्रभित्रको भाषिक विविधतालाई व्यवस्थापन गर्ने, संरक्षण गर्ने र प्रवर्द्धन गर्ने लक्ष्य राख्दछ । भाषानीति निर्माणमा राज्यको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । निम्न बुँदाहरू भाषानीति निर्माणमा राज्यले निर्वाह गर्नुपर्ने भूमिकाहरूमा उल्लेख गर्न सकिन्छ:

भाषिक विविधताको संरक्षण र प्रवर्धन

भाषिक विविधता कुनै पनि राष्ट्रको सांस्कृतिक सम्पदा मात्र होइन, सामाजिक सद्भाव र समावेशी राष्ट्रियता निर्माणको आधार पनि हो । भाषिक विविधताको संरक्षण गर्नु भनेको केवल

भाषाहरू जोगाउनु मात्र होइन, ती भाषासँग सम्बन्धित संस्कार, ज्ञान र सामुदायिक पहिचानलाई समेत सुरक्षित गर्नु हो । त्यस्तै, Grenoble / Whaley (सन् २००६) ले भाषिक विविधता हराउनुको अर्थ संस्कृतिको हराउनु हो भनी भाषाहरूको अभिलेखीकरण र पुनरुत्थानमा राज्यको लगानी आवश्यक ठहर गरेका छन् । त्यसैले राज्यले सबै भाषाहरूको संरक्षण र प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्न अत्यावश्यक हुन्छ ।

नेपालको संविधान २०७२ को धारा ६ ले "सबै भाषालाई राष्ट्रको सम्पत्ति" मानेको छ र धारा ७ ले प्रदेशमा प्रयुक्त भाषाहरूलाई प्रदेशस्तरमा कामकाजी भाषाका रूपमा प्रयोग गर्न सकिने व्यवस्था गरेको छ । यसबाट स्पष्ट हुन्छ कि राज्यले भाषिक विविधतालाई संवैधानिक रूपमा मान्यता दिएको छ, तर व्यवहारमा यसको कार्यान्वयन सुनिश्चित गर्नु अझ महत्वपूर्ण देखिन्छ । मातृभाषामा शिक्षा, सञ्चार माध्यमहरूमा पहुँच, सरकारी सेवामा प्रयोग र भाषाहरूको दस्तावेजीकरणजस्ता कार्यहरू भाषिक संरक्षणका मुख्य पाटाहरू हुन् । युनेस्को (सन् २००३) ले समेत मातृभाषाको संरक्षणलाई सांस्कृतिक विविधताको संरक्षणको रूपमा लिएको छ र राष्ट्रहरूलाई स्थानीय भाषाको प्रयोगलाई प्रवर्द्धन गर्न सिफारिस गरेको छ । भाषिक अधिकारको सम्मानले मात्र सामाजिक समावेशिता सम्भव हुन्छ र त्यसैले राज्यले आफ्ना नीतिहरू भाषिक समावेशितामैत्री बनाउँदै भाषाहरूको संरक्षण तथा प्रवर्द्धनमा क्रियाशील भूमिका निर्वाह गर्नुपर्छ ।

समान अवसरको सुनिश्चितता

बहुभाषिक समाजमा समान अवसरको सुनिश्चितता भन्नाले सबै भाषाभाषी नागरिकलाई शिक्षा, प्रशासन, सञ्चार, न्याय र रोजगारी जस्ता क्षेत्रहरूमा समान पहुँच सुनिश्चित गरिनु हो । भाषिक भिन्नता कुनै पनि नागरिकको अवसरमा बाधा बन्नु हुँदैन, बरु राज्यले विविध भाषाभाषी समुदायहरूलाई समावेशी बनाउँदै राष्ट्रिय विकासमा सहभागी गराउनुपर्ने आवश्यकता हुन्छ । लेनिनग्राद विश्वविद्यालयका प्राध्यापक बुदउँ द कुर्दनेका दृष्टिकोणमा हरेक नागरिकले व्यक्तिगत जीवन तथा सरकारी कामकाज, संसद, न्यायिक निकायहरूमा आफ्नो भाषामा बोल्नु पाउनुपर्छ (ओझा, २०८१, कक्षाप्रस्तुति) । त्यसैले भाषिक समानताका आधारमा समान अवसर सुनिश्चित गर्नु समावेशी लोकतन्त्रको अनिवार्य शर्त हो ।

नेपालको संविधान २०७२ ले धारा १८ मा 'समानताको हक' सुनिश्चित गरेको छ, जसमा जाति, भाषा, धर्म, लिंग, क्षेत्र वा अन्य कुनै आधारमा विभेद गर्न नपाइने स्पष्ट व्यवस्था छ (नेपालको संविधान, २०७२) । त्यसैले, राज्यले शिक्षामा मातृभाषाको प्रयोग, न्याय प्रणालीमा अनुवाद सुविधा, प्रशासनिक सेवामा द्वैभाषिक कर्मचारीको नियुक्ति तथा सञ्चार माध्यमहरूमा भाषिक विविधताको प्रतिनिधित्व सुनिश्चित गर्नु जरुरी हुन्छ । उदाहरणस्वरूप, प्रारम्भिक शिक्षा मातृभाषामा प्राप्त गर्ने अवसर बालबालिकाको सिकाइ क्षमतामा उल्लेखनीय सुधार ल्याउन सक्छ, जुन युनेस्को (सन् २००३) को प्रतिवेदनले पनि पुष्टि गरेको छ । यसबाहेक, Fishman (सन् १९९१) ले पनि भाषिक अधिकारलाई मानव अधिकारकै रूपमा लिँदै भाषिक आधारमा कुनै पनि समुदायलाई अवसरबाट वञ्चित गर्नु सामाजिक अन्याय भएको उल्लेख गरेका छन् । त्यस्तै Grenoble र Whaley (२००६) ले द्वैभाषिक शिक्षा तथा प्रशासनिक सेवामा भाषिक पहुँचलाई भाषा संरक्षणसँग जोडेर विश्लेषण गरेका छन् ।

यसैले, समान अवसरको सुनिश्चितताका लागि राज्यले भाषिक विविधता बोकेका समुदायहरूलाई व्यवहारिक रूपमा समेट्ने नीति निर्माण गर्नु अत्यावश्यक छ । केवल संवैधानिक अधिकारले होइन, तिनको व्यावहारिक कार्यान्वयनबाट मात्र भाषिक न्याय र समान अवसरको वास्तविकता सम्भव हुन्छ ।

मातृभाषामा शिक्षा

मातृभाषा शिक्षा प्राप्त गर्ने पहिलो र स्वाभाविक माध्यम हो, जसले बालबालिकाको बौद्धिक, सामाजिक र भावनात्मक विकासमा अत्यन्त सकारात्मक प्रभाव पार्दछ । Fishman (सन् १९९१) ले भाषिक सशक्तिकरणका लागि मातृभाषा आधारित शिक्षा अपरिहार्य भएको तर्क गरेका छन् । मातृभाषामा प्रारम्भिक शिक्षा प्राप्त गर्दा बालबालिकाले सिकाइलाई सहज रूपमा आत्मसात गर्न सक्छन्, किनभने उनीहरू त्यस भाषासँग भावनात्मक रूपले गहिरो रूपमा जोडिएका हुन्छन् । युनेस्को (सन् २००३) को प्रतिवेदन अनुसार, मातृभाषामा शिक्षा प्राप्त गर्ने बालबालिकाको सिकाइ क्षमतामा उल्लेखनीय सुधार आउँछ र उनीहरूको विद्यालयमा सहभागिता दर तथा शिक्षाको गुणस्तर दुवैमा सकारात्मक परिवर्तन देखिन्छ ।

नेपालको सन्दर्भमा पनि संविधानले मातृभाषामा शिक्षाको अधिकार सुनिश्चित गरेको छ । नेपालको संविधान २०७२ को धारा ३१ (५) मा भनिएको छः "प्रत्येक नागरिकलाई आफूले

बोल्ने मातृभाषामा शिक्षाको हक हुनेछ ।" विशेषतः जनजातीय, आदिवासी तथा लोपोन्मुख भाषाभाषी समुदायका बालबालिकाहरू मातृभाषामा शिक्षा पाउँदा आफ्नो संस्कृति र भाषासँगको सम्बन्ध पूर्ण रूपमा शिक्षा प्रणालीमा समावेश हुन सक्छन् । सोभियत संघको भाषानीतिअनुसार सबै अल्पसंख्यक भाषाभाषीहरूलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने पूर्ण अधिकार छ (ओझा, २०८१, कक्षाप्रस्तुति) । राज्यले मातृभाषामा शिक्षाको व्यवहारिक कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्नु आवश्यक देखिन्छ । पाठ्यपुस्तक निर्माण, शिक्षक प्रशिक्षण, पाठ्यक्रम विकास र विद्यालयमा मातृभाषाको प्रयोगलाई प्रोत्साहन गर्नु आवश्यक छ । यसले केवल भाषाको संरक्षणमा मात्र योगदान नदिई सबै समुदायका बालबालिकालाई समान र समावेशी शिक्षा प्रदान गर्न पनि सघाउ पुऱ्याउँछ ।

अनुवाद र द्वैभाषिकताको प्रवर्धन

बहुभाषिक राष्ट्रहरूमा भाषानीति प्रभावकारी बनाउन अनुवाद सुविधा र द्वैभाषिकता प्रवर्द्धन अत्यन्तै महत्वपूर्ण पक्ष हुन् । जब नागरिकले आफ्नो मातृभाषामा सरकारी सेवा, सूचना, न्यायिक प्रक्रिया र प्रशासनिक काममा पहुँच पाउँछन्, तब मात्र राज्यप्रति विश्वास, सहभागिता र समानताको अनुभूति हुन्छ । सोभियत संघको भाषानीतिअनुसार हरेक रुसी कार्यालयहरुमा परी आएका बेला दोभाषेको व्यवस्था हुनुपर्छ (ओझा, २०८१, कक्षाप्रस्तुति) । विशेषगरी न्याय प्रणाली, शिक्षा, सञ्चार र सरकारी सूचना आदिमा अनुवाद र द्वैभाषिकता प्रयोग नगर्दा अल्पसंख्यक समुदायहरू प्रणालीबाट बाहिरिने खतरा रहन्छ । नेपालको संविधान २०७२ को धारा ६ र ७ अनुसार सबै भाषाहरू राष्ट्रको सम्पत्ति हुन् र प्रदेशले आफूले तोकेको भाषालाई कामकाजी भाषाको रूपमा प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) । तर यस्ता संवैधानिक प्रावधान व्यवहारमा कार्यान्वयन गर्नका लागि अनुवाद प्रणालीको विकास, स्थानीय भाषामा प्रशासनिक कामकाज र द्वैभाषिक जनशक्ति उत्पादन अनिवार्य हुन्छ ।

द्वैभाषिकता मात्र भाषिक पहुँचको माध्यम होइन, यो सामाजिक समावेशिता र विविधताप्रतिको सम्मानको संकेत पनि हो । युनेस्को (सन् २००३) ले पनि बहुभाषिक शिक्षाको सन्दर्भमा द्वैभाषिकताको महत्त्व औँल्याएको छ र राज्यलाई स्थानीय भाषाहरूलाई शिक्षा र प्रशासनमा स्थान दिन सुझाव दिएको छ । भाषा नीतिले भाषिक समावेशिता, समानता र न्यायको प्रत्याभूतिका लागि अनुवाद र द्वैभाषिकताको प्रवर्द्धनलाई केवल कार्यान्वयनको पक्ष होइन,

नीतिगत प्राथमिकताको रूपमा स्थापित गर्नुपर्दछ । यस्तै Grenoble र Whaley (सन् २००६) ले भाषिक विविधता जोगाउन सरकारी निकायमा द्वैभाषिक कर्मचारीको सहभागिता र अनुवाद प्रणालीलाई मजबुत बनाउनु पर्ने उल्लेख गरेका छन् । अतः राज्यको भाषानीतिले अनुवाद र द्वैभाषिकता प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै सबै नागरिकलाई भाषिक पहुँचको हक सुनिश्चित गर्नुपर्दछ । यो कदमले मात्र सबै समुदायको समान सहभागिता, समावेशी राष्ट्रियता र भाषिक अधिकारको सुनिश्चितता सम्भव बनाउँछ ।

अनुसन्धान र भाषा अभिलेखीकरणमा लगानी

भाषानीतिको दिगोपन र प्रभावकारिताका लागि भाषासम्बन्धी वैज्ञानिक अनुसन्धान तथा अभिलेखीकरणमा राज्यको सक्रिय लगानी अनिवार्य छ । भाषिक विविधता कुनै पनि राष्ट्रको सांस्कृतिक सम्पदा हो र त्यस सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्न भाषाहरूको अवस्था, संरचना, प्रयोग, प्रसार र संकटको स्तरसम्बन्धी तथ्यमा आधारित ज्ञान आवश्यक हुन्छ । यस्ता ज्ञानहरू अनुसन्धान र अभिलेखीकरणबाट मात्रै प्राप्त गर्न सकिन्छ, जसले प्रभावकारी भाषानीति निर्माणको आधार तय गर्छ (Grenoble & Whaley, सन् २००६) । भाषा नष्ट हुनु भनेको केवल सञ्चार माध्यमको अन्त्य होइन, त्यो समुदायको सम्पूर्ण सांस्कृतिक अस्तित्वको क्षय हो । नेपालमा हाल प्रयोगमा रहेका १२४ वटा भाषाहरू (केन्द्रीय तथ्यांक विभाग, २०७८) मध्ये धेरैजसो बोल्नेहरूको सङ्ख्या न्यून भएकाले संकटग्रस्त वा लोपोन्मुख अवस्थामा छन् । यस्ता भाषाहरूको दस्तावेजीकरण नगरी संरक्षित राख्न सकिने अवस्था रहँदैन । भाषा केवल शब्दहरूको समष्टि होइन; यसमा संस्कृति, मौखिक इतिहास, ज्ञान प्रणाली र पहिचान समाहित हुन्छ । त्यसैले, भाषिक अनुसन्धान र अभिलेखीकरणको कार्य कुनै शैक्षिक प्रयोजन मात्र नभई सांस्कृतिक अधिकार र सामाजिक न्यायसँग पनि गाँसिएको हुन्छ ।

नेपाल सरकारले राष्ट्रिय स्तरमा भाषा आयोगको स्थापना (नेपालको संविधान, धारा २८७) गरे पनि आयोगका कार्यहरू प्रभावकारी बन्न अनुसन्धानमा पर्याप्त स्रोतसाधन र नीतिगत प्रतिबद्धता जरुरी छ । यस्ता अनुसन्धानहरूले मात्र भाषाको वास्तविक अवस्था पहिचान गर्न, संकटको तह मापन गर्न र पुनःस्थापनाको खाका तयार पार्न सहयोग गर्छन् । युनेस्को (सन् २०११) ले पनि लोपोन्मुख भाषाहरूको संरक्षणका लागि भाषिक अभिलेखीकरणमा राज्यको सहकार्य र लगानीलाई विश्वव्यापी सिफारिसको रूपमा प्रस्तुत गरेको छ । भाषानीतिमा

अनुसन्धान र भाषा अभिलेखीकरणको प्राथमिकता सुनिश्चित गर्नु केवल भाषिक विविधताको रक्षा होइन, दीर्घकालीन रूपमा समावेशी र न्यायपूर्ण समाज निर्माणको आधार हो । यस्तो लगानीले भाषाहरूलाई मात्र होइन, तिनका भाषाभाषी समुदायलाई पनि सशक्त बनाउँछ ।

नीति निर्माणमा सहभागिता

भाषानीति निर्माणमा सम्बद्ध समुदायका प्रतिनिधिहरूको सहभागीता अनिवार्य बनाइनुपर्छ, जसले गर्दा नीति व्यवहारिक र समावेशी बन्न सक्छ । भाषानीति निर्माणको प्रक्रिया केवल शीर्षस्तरीय निर्णयदाताको एकपक्षीय क्रियाकलाप होइन; यो बहुस्तरीय, समावेशी र सहभागितामूलक अभ्यास हो । पपुवा न्युगिनीको भाषानीतिमा पनि विविध भाषाभाषी समुदायहरू, मातृभाषा अभियन्ता, स्थानीय सरकार, शिक्षाविद् तथा भाषाविद्हरूको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको छ (ओझा, २०८१, कक्षाप्रस्तुति) । यस्तो सहभागिताले नीतिलाई वैधानिक मात्र होइन, सामाजिक स्वीकार्यता र व्यवहारिकता पनि प्रदान गर्छ ।

नेपालको संविधान २०७२ को प्रस्तावना र मौलिक हकहरूमा उल्लेखित समावेशी लोकतन्त्रको मर्म अनुसार नीतिगत प्रक्रिया पनि सहभागी र उत्तरदायी हुनुपर्ने मान्यता स्थापित छ । संविधानको धारा २७ अनुसार "प्रत्येक नागरिकलाई सूचना प्राप्त गर्ने हक" सुनिश्चित गरिएको छ, जुन नीति निर्माणको पारदर्शिता र सहभागिताका लागि आधार बनाउँछ । भाषानीतिमा विविध आवाजहरूको समावेश विना, नीति केवल बहुसंख्यक हितका लागि सीमित हुन सक्छ, जसले भाषिक विभेद र बहिष्करण निम्त्याउन सक्छ । विशेषतः नेपालमा १२४ भन्दा बढी भाषाभाषी समुदाय (केन्द्रीय तथ्यांक विभाग, २०७८) रहँदा पनि थुप्रै भाषाहरू नीति निर्माण र कार्यान्वयनमा प्रतिनिधित्वबाट वञ्चित छन् । यस्तो अवस्थाले भाषिक अन्यायको जोखिम बढाउँछ र समुदायहरूको भाषिक अधिकार कुण्ठित हुन्छ । युनेस्को (सन् २००३) ले पनि बहुभाषिक शिक्षालाई प्रवर्द्धन गर्न स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको सिफारिस गरेको छ । समुदायको सहभागिताले मात्र भाषानीति आवश्यकता आधारित, सन्दर्भयुक्त र दीर्घकालीन रूपमा प्रभावकारी बन्न सक्छ । अतः भाषानीति निर्माणको प्रक्रियामा राज्यले केवल कानुनी ढाँचा बनाउने हैन, संवाद, परामर्श, सहकार्य र सामूहिक निर्णय प्रक्रियालाई संस्थागत गर्नुपर्छ । सहभागी नीति निर्माणले मात्र भाषिक अधिकार, सामाजिक समावेशिता र न्यायको प्रत्याभूति दिलाउन सक्छ ।

निष्कर्ष

यो अध्ययनले भाषानीतिको आधारभूत अवधारणा र त्यसको निर्माण प्रक्रियामा राज्यले निर्वाह गर्नुपर्ने महत्वपूर्ण भूमिकालाई विस्तृत रूपमा विश्लेषण गरेको छ । भाषा राष्ट्रको सांस्कृतिक, सामाजिक र राजनीतिक पहिचानको आधार हो भने भाषानीति त्यो आधारको संरक्षण, व्यवस्थापन र प्रवर्धन गर्ने नीतिगत दस्तावेज हो । राज्यको भाषानीति समावेशी, न्यायपूर्ण र व्यवहारिक हुन अत्यावश्यक छ, जसमा भाषिक विविधताको संरक्षण, समान अवसरको सुनिश्चितता, मातृभाषामा शिक्षाको प्रवर्धन, अनुवाद र द्वैभाषिकताको विकास, भाषिक अनुसन्धान तथा अभिलेखीकरणमा लगानी र नीति निर्माणमा सम्बद्ध समुदायको सहभागिता अनिवार्य तत्वका रूपमा प्रस्तुत गरिएको छ । संविधानमा भाषिक अधिकारहरू सुनिश्चित गरिए पनि ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न अझ ठोस नीतिगत पहल आवश्यक देखिन्छ । भाषानीति केवल भाषिक प्रबन्धन मात्र होइन, सामाजिक न्याय, समानता र समावेशी राष्ट्रनिर्माणको आधार हो । त्यसैले, राज्यले सबै भाषाभाषी समुदायका आवाज समेट्दै व्यवहारिक, सहभागी र दीर्घकालीन भाषानीति निर्माण गर्न प्रतिबद्ध हुनु पर्दछ, जसले गर्दा सबै नागरिकले आफ्नो भाषा र संस्कृतिसँग पहिचान गर्दै राष्ट्रिय विकासमा समान सहभागिता जनाउन सकून् ।

सन्दर्भसूची

ओझा, रामनाथ (२०८१). *सोभियत संघको भाषानीति र पपुवा न्युगिनीको भाषानीति.* कक्षाप्रस्तुति ।

केन्द्रिय तथ्यांक विभाग (२०७८). *राष्ट्रिय जनगणना २०७८* : सारांश प्रतिवेदन. नेपाल सरकार ।

गिरी, जीवेन्द्र देव (सन् २०१०). *नेपालको भाषानीति.* त्रिभुवन विश्वविद्यालय जर्नल, २८(१-२), १८९-२०२ ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान* २०७२. नेपाल सरकार ।

न्यौपाने, महेन्द्र (सन् २०२२). नेपालको भाषानीतिः अवस्था र अपेक्षा. द एजुकेटर जर्नल, १०(१), ३०-४० ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७). *नेपालको भाषानीति र योजना आधार.* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

भुसाल, केशव (सन् २०२४). *भाषानीतिको आधारभूत अवधारणा.* शैक्षिक अन्तरविषयक अनुसन्धान, ९ (१), ३५-४८ ।

Fishman, J. A. -1991_= Reversing Language ShiftM Theoretical and Empirical Foundations of Assistance to Threatened Language Multilingual Matters.

Grenoble, L. A., & Whaley, L. J. (2006), Saving Languages : An Introduction to Language Revitalization, Cambridge University Press.

UNESCO, (2003), Education in a Multilingual World, UNESCO Education Position Paper.

UNESCO, (2011). Atlas of the WorldÚs Languages in Danger. ParisM UNESCO Publishing.